يا باغي الخير اقبل
Come On For Charity

# इस्लाम धर्म का तीन मूलआधार

लेखक

मुहम्मद बिन सुलैमान अत्तमीमी (रहेमहुल्लाह)

# الأصول الثلاثة

The Cooperative Office For Call & Guidance to Communities at Rawdhah Area
Under the Supervision of Ministry of Islamic Affairs and Endowment and
Call and Guidance - Riyadh - Rawdhah
Tel. 4918051 Fax 4970561 - P.O. Box 87299 Riyadh 11642

نيبالي
١٠٥

# इस्लाम धर्म का तीन मूलआधार

लेखक
मुहम्मद बिन सुलैमान अत्तमीमी (रहेमहुल्लाह)

अनुवाद:
अबू रियाज़ ज़मीर अहमद अलमदनी

आमन्त्रण तथा प्रदर्शन सहयोगी कार्यालय (बतहा)

ⓗ المكتب التعاوني للدعوة والإرشاد بالبطحاء، ١٤٢٠هـ

**فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر**
**محمد بن عبدالوهاب بن سليمان**
الأصول الثلاثة / ترجمة ضمير أحمد عباس . – الرياض .
٤٤ ص ؛ ١٢ X ١٧ سم
ردمك : ٥–٥٨–٧٩٨–٩٩٦٠
النص باللغة النيبالية
١ – العقيدة الإسلامية ٢– التوحيد
أ – عباس، ضمير أحمد ( مترجم ) .
ب– العنوان
ديوي ٢٤٠ ٢٠/١٢٠٧

رقم الإيداع : ٢٠/١٢٠٧
ردمك : ٥–٥٨–٧٩٨–٩٩٦٠

**COOPERATIVE OFFICE FOR CALL AND GUIDANCE IN AL- BATHA**
UNDER THE SUPERVISION OF
MINISTRY OF ISLAMIC AFFAIRS,
ENDOWMENTS, PROPAGATION AND GUIDANCE

PO. BOX:20824 RIYADH.11465
00966-1 – 4030251
– 4034517
– 4031587
– 4030142
FAX – 4059387
Lecture hall. Tel + Fax: 00966- 1- 4083405
WWW. COCG. ORG

© All rights reserved for the Office
No part of this book may be used for publication without the written permission of the copyright holder, application for which should be addressed to the office

# विषयप्रसंग


| क्र॰सं॰ | पाठहरू | पृष्ठ न॰ |
|---|---|---|
| १. | **भूमिका** | ०४ |
| २. | **पहिलो आधार :** | |
| | अल्लाहको विषयमा ज्ञान | १० |
| ३. | **दोस्रो आधार :** | |
| | इस्लामको ज्ञान | १९ |
| ४. | **तेस्रो आधार :** | |
| | आफ्नो नबी (स॰अ॰व॰) को बारेमा ज्ञान | ३० |

بسم الله الرحمن الرحيم

# भूमिका

प्रारम्भ अल्लाह को नाममा जुन अत्यन्त कृपालु र दयालु छ ।

तपाईलाई जानकारी होस् (तपाईंमाथि अल्लाहको कृपा होस्) कि हामीले यी चारवटा समस्या हरूलाई अवश्य बुझ्नु पर्छ :

१- ज्ञान: यो अल्लाहको ज्ञान हो, उसको नबी (दूत) को ज्ञान हो, र इस्लाम धर्मको तर्कपूर्ण ज्ञान हो । जुन क़ुरआन र हदीस द्वारा प्रमाणित गरिएको हो ।

२- कर्म उपरोक्त ज्ञानको आधारमा ।

३- यो ज्ञानतर्फ आमन्त्रण गर्नु ।

४- यस आमन्त्रण कार्यको लागी आई परेको कठिन अवस्थामा धैर्य गर्नु ।

**यसको प्रमाण कुरआनमा यस प्रकार छ :**

"समयको सौगन्ध ! मान्छे वास्तवमा घाटामा छ, तिनीहरूको अतिरिक्त जसले ईमान ल्याए, राम्रो

कर्म गरे, एक अर्कालाई सत्यको उपदेश दिए र धैर्य को उपदेश दिंदै गरे ।"

इमाम शाफेईको भनाई छ :

यदि अल्लाह यस सुर:को अतिरिक्त कुनै सुर: आफ्नो भक्तहरूको लागि अवतरित नगरेको भए पनि यही सुर: नै उनीहरूको लागि बढी हुन्थयो ।

स्वर्गीय इमाम बुखारीको भनाई छ :

**अध्याय:** बोल्नु र कर्मभन्दा पहिलो ज्ञान र यसको प्रमाणमा अल्लाह (ईश्वर) ले भन्दैछ :

राम्ररी जानी राख्नुस् कि अल्लाहको अतिरिक्त उपासनाको पात्र अरू कोही छैन । र आफ्नो पापको लागि क्षमा माग्नुस् । अत: सब भन्दा पहिलो ज्ञान आयो अनि कथन अनि कर्म ।

जानी राख्नुस् (अल्लाहको कृपा तपाईं माथी होस्) कि सबै मुस्लिम पुरूष र महिलाको उत्तरदायित्व छ कि यी तीन नियमहरूलाई बुझियोस् र त्यही अनुसार कर्म गरियोस् ।

**पहिलो:** अल्लाह तआला ले हामीलाई यो संसारमा पैदा गर्नु भयो । हामीलाई जीविकाका साधनहरू दियो र

हामीलाई कुनै मार्गदर्शन बीना छाडेन । बरू उसले आफ्नो दूत (रसूल) लाई हामी सम्म पठाउनु भयो र त्यसैले जसले रसूलको अनुसरण गर्यो त्यो स्वर्गमा जानेछ र जसले मानेन त्यो नरकमा जानेछ यसको प्रमाण अल्लाह तआलाको यो कथन छ:

'तिमीहरू कहाँ मैले त्यसै प्रकार एउटा रसूल तिमी-हरूमा गवाह बनाए र पठाए जुन तरीकाले मैले फिरऔन कहाँ एउटा रसूल पठाए, (फेरी हेरनुस्) फिरऔनले त्यो रसूलको कुरा मानेन अनि मैले उसलाई कडा रूपले समाती सकें। (७३:१५-१६)

**दोस्रो**: अल्लाह कहिले पनि आफूसंग आफ्नो उपासनामा कसैलाई पनि साझा बनाउन स्वीकार गर्दैन, चाहे त्यो सम्मानित नजीकी देवदूत र संदेशवाहक दूत नै किन न होउन्। र प्रमाण स्वरूप अल्लाहको आदेश छ: र यी मस्जिदहरू अल्लाहका लागि छन्, अत: तिन अल्लाह संग कसैलाई पनि न पुकारनुस्। (७२:१८)

**तेस्रो**: जसले पनि रसूलको अनुसरण गरोस् र अल्लाह को एकतालाई स्वीकार गरोस् भन्ने त्यसले अल्लाह र उसको रसूल लाई अस्वीकार्ने व्यक्तिहरूसित कुनै किसिमको सम्बन्ध राख्नु हुँदैन, चाहे त्यो उसको निकटतम सम्बन्धी नै किन न होस्।

यसको प्रमाणमा ईश्वर (अल्लाह तआला) ले भन्नु हुन्छ :

'तिमी कदापि पाउँदैनौकि उनीहरू जुन अल्लाह र अन्तिम दिन माथि विश्वास राखेका हुन्छन, तिनीहरू सित प्रेम गरी रहेका होउन् जसले अल्लाह र उसको रसूलको बिरोध गरेका छन चाहे तिनीहरू उसको बुवा वा उसको छोरा वा उसको भाई वा उसको परिवार होस् । यिनी हरू त्यस्ता व्यक्तिहुन जसको दिलमा अल्लाह (ईश्वर) ले ईमान (विश्वास) अंकित गरि दिएको छ र आफ्नो तर्फबाट एउटा आत्मा प्रदान गरे र तिनीहरूलाई शक्ति दिएको छ । ईश्वर तिनीहरूलाई यस्तो स्वर्ग (जन्नत) मा प्रवेश दिन्छ जसको मुनि नहर हरू बगिरहेका हुने छन । त्यसमा तिनीहरू संघै रहने छन । अल्लाह उनीहरू सित खुसी भयो र उनी हरू अल्लाह सित खुसी भए ।

"उनी हरू अल्लाहको पार्टीका व्यक्ति हरू हुन । सावधान ! अल्लाह (ईश्वर) कै पार्टीका व्यक्तिहरू सफलता प्राप्त गर्ने वाला हुन ।" (५८:२२)

तपाईलाई यो पनि थाहा भएको हुनु पर्छ (ईश्वरले तपाईलाई आफ्नो आज्ञाकारी बनाओस) कि अल हनीफीय: अथवा इबराहीम को यो धर्म हो कि तपाईले

मात्र एउटा ईश्वरको उपासना (आराधना) शुद्ध धार्मिक भक्तिले गर्नु पर्छ ।

यही हो जसको ईश्वरले सबै व्यक्तिहरूलाई आदेश दिनु भएको हो र अवश्य नै उस (ईश्वर) ले उनीहरू (मान्छेहरू) लाई यसैको लागि पैदा गरेको हो ।

अल्लाह तआला भन्नु हुन्छः

"मैले जिन्न दानव र मानिसहरूलाई यस बाहेक अरू कुनै काम को लागि पैदा गरे को छैन कि यी सबैले मेरो इबादत (उपासना) गरून ।" (५१:५६)

अल्लाह (ईश्वर) को भक्तिको सब भन्दा ठूलो आदेश यो हो कि ऊ एकलै छ । अनेकेश्वरबाद जसको अर्थ हो उसंग अरू कसै लाई पुकार्नु जुनकि एकदमै कड़ाईले मनाही छ । र प्रमाण को लागि ईश्वर (अल्लाह तआला) भन्नु हुन्छ :

"र तिमी सबै अल्लाहको इबादत (भक्ति) गरौं, उसँग अरू केहि लाई साझा न बनाऔ ।" (४:३६)

*

# तीनवटा मूल आधार हरू

यदि तपाई सित इस्लामका तीन मूल आधार हरू को बारेमा सोधियो जुन कि प्रत्येक मुसलमान लाई अनिवार्य रूपले थाहा भएको हुनु पर्छ तब तपाई को उत्तर (जवाफ) हुनु प्रर्छ एउटा भक्तलाई उसको प्रभु, उसको धर्म र उसको रसुल (धर्म प्रवर्तक) मोहम्मद (स॰अ॰व॰) को बारेमा थाहा हुनु पर्छ।

*

# प्रथम मूल आधार

## अल्लाहको विषयमा ज्ञान :

यदि तपाई सित सोधियो तपाईको प्रभु कुन हो ? तब भन्नुस्, मेरो प्रभु अल्लाह हो जुन यो संसार को (विश्व) को पालनहार (पोषणकर्ता) हो, त्यही पालनहार मेरो उपास्य (ईश्वर) हो र मलाई थाहा छ कि उसको अतिरिक्त अरू कोही उपास्य (प्रभु) छैन ।

प्रमाणको लागि ईश्वर ले कुरआनमा भन्नु हुन्छ :

"प्रशंसा अल्लाह को लागि हो, जो पुरा (संपूर्ण) जगत (ब्रहमाण्ड) को प्रभु हो ।" (१:१)

अल्लाह को अतिरिक्त हरेक वस्तु उसैले बनाएको हो र म उसको सृष्टि को एउटा भाग (अंश) हुँ । यदि तपाई सित यो सोधियो "तपाइले आफ्नो प्रभु को बारेमा कसरी जानकारी पाउनु भयो ?" तब भन्नुस उसको चिन्ह (संकेत) हरू र सृष्टि मध्ये दिन-रात्रि, सूर्य चन्द्रमा, स्वर्ग, पृथ्वी र अरू सबै पनि र जहाँ कहीं पनि त्यसमा छ र त्यस भन्दा पर (टाढा) छ, त्यसको द्वारा ।

र सत्यता को लागि अल्लाह तआला को भनाई छ:

"अल्लाहका चिन्ह (संकेत) हरूमध्ये यी रात र दिन सुर्य र चन्द्रमा हुन् । सुर्य र चन्द्रमा लाई नढोग, बरू त्यो अल्लाहलाई ढोग (सजदा) गर जसले यिनी हरूलाई जन्म दिएको छ, यदि वास्तवमा तिमी उसको (अल्लाहको) उपासना गर्ने वाला हौं ।" (फुस्सेलत:३७)

अरू पनि उसको भनाई छ :

"वास्तवमा तिम्रो प्रभु (ईश्वर) अल्लाह नै हो जसले आकाश हरू र पृथ्वी लाई छै दिनमा बनायो फेरि ऊ आफ्नो आसन माथि विराजमान भयो । जुन रात लाई दिन माथि छोपी दिन्छ र फेरि दिन रात पछि दगुरे र आई हालछ । जसले सुर्य चन्द्रमा र तारा हरूलाई बनएको छ । साह्रै बरकत (बढोत्तरी) गर्ने वाला हो, अल्लाह पुरा संसारको मालिक र पालनहार हो ।" (आराफ:५४)

र जुन मालिक र पालनहार (भरणपोषण) गर्ने वाला हो उही पूजनीय छ । यसको प्रमाणमा अल्लाह तआलाको भनाई छ :

"हे मानिस हरू इबादत (उपासना) गरौ आफ्नो त्यो ईश्वरको जसले तिमी हरूको र तिमी भन्दा

पूर्व जुन थिये तिनी सबै को जन्मदाता हो ताकि तिमी संयम गर्न सकौ। उही नै हो जसले यो पृथ्वी लाई तिम्रो लागि ओच्छयौना र आकाईलाई छत (छाना) बनायो, माथि बाट पानी (वर्षा) गर्यो र यस द्वारा विभिन्न प्रकारको फलहरू उबजाएर तिम्रो लागि जीविकाको व्यवस्था गरिदियो। अत: तिमीलाई जब यी सबै कुराहरू थाहा छन, तब तिमी अरूलाई ईश्वर (अल्लाह) को प्रतिद्वन्दी न बनाऔ।" (२:२१-२२)

स्वर्गीय इब्ने कसीर को भनाई छ :

"यस प्रकारका कुराहरू (वस्तुहरू) को जन्मदाता नै उपासना को अधिकारी हुन्छ।"

अल्लाह द्वारा केही प्रकार (किसिम) का इबादत हरू निर्देशित छन, जस्तै: अल्लाह को समक्ष पूर्ण रूपले आफूलाई समर्पित गर्नु (इस्लाम) विश्वास वा आस्था (ईमान) सध्यान उपासना (एहसान), विन्ती (दुआ), डर (खौफ), आशा (रजाअ), सन्तोष (तवक्कुल), इच्छा (रग्ब:), भए (रहब:), उपासना (इबादत) भ्रम (खशिय:), ध्यान (इनाब:), प्रार्थना (इस्तेआन:), शरणको बिन्ती (इस्तेआज:), सहायता को बिन्ती (इस्तेगास:), बलि (ज़बह), र प्रतिज्ञा र भोग-प्रसाद (नजर)।

यसै प्रकारको अरू पनि उपासना को निर्देश अल्लाहले दिएको छ । यी सबै उसैका लागि छन्, यसको पुष्टिको लागि अल्लाह तआला कुरआन करीममा भन्नु हुन्छ :

"र यी मस्जिदहरू अल्लाह का लागि छन् यसमा (यी मस्जिदहरूमा) अल्लाह संग अरू कसैलाई न पुकार्नुस ।" (७२:१८)

अर्थात यदि कुनै व्यक्तिले यी अधिकारहरू मध्य कुनै व्यक्तिले यी अधिकारलाई जुन खास गरेर अल्लाहका लागि छन अरू सित सम्बन्धित गर्छ भन्ने त्यो अविश्वासी र बहूदेववादी छ । र यसको प्रमाणको लागि अल्लाह तआला कुरआन मजीदमा भन्नु हुन्छ :

"र जसले अल्लाह संग अरू कोही लाई पुकार्छ जसको ऊ संग कुनै प्रमाण छैन भन्ने त्यस्तो व्यक्तिको हिसाब उसको प्रभुको (अल्लाहको) हातमा छ । यसरी नमान्ने व्यक्तिहरू कहिल्यै सफलता प्राप्त गर्न सक्दैनन ।" (२३:११७)

**प्रार्थना (दुआ) :**

हदीस छ "प्रार्थना उपासना को मूल हो ।"

प्रमाणित गर्दै अल्लाह तआला भन्नु हुन्छ : तिम्रो ईश्वरले भन्छ,

"मलाई यादगर, म तिम्रा प्रार्थनाहरू स्वीकार गर्दैछु, जुन व्यक्तिहरू मेरो पूजा (इबादत) देखि घमण्ड गर्छन अवश्यनै उनी अपमानित भएर नरकमा प्रवेश गर्ने छन ।" (४०:६०)

## डर (खौफ) :

भय वा डरको प्रमाणमा अल्लाह तआला भन्नु हुन्छ :

"तिमी मान्छेहरू सित नडरौ, म (अल्लाह) सित डरौ, यदि तिमी वास्तवमा ईमान (विश्वास) वाला हौ ।" (३:१७५)

## आशा (रजाअ) :

आशाको बारेमा ईश्वर कोयो कथन बाट प्रमाण छ:

"जुन सुकै व्यक्तिले आफ्नो प्रभु सित भेटने आशा राख्दछ उसले राम्रो कर्म गर्नु पर्छ र आफ्न प्रभुको इबादत (पूजा) मा अरू कसैलाई सम्मिलित न गरे ।" (१८:११०)

## संतोष (तवक्कुल) :

भ्रोसाको प्रमाणको लागि अल्लाह तआलाको कथन छ:

"अल्लाह माथि संतोष राखौ, यदि तिमी ईमानदार छौ।" (५:२३)

र यो पनि भनाई छ :

"जुन व्यक्ति अल्लाह माथि संतोष राख्छ त्यसको लागि त्यो (अल्लाह) नै प्रशस्त छ।" (६५:३)

## इच्छा, भय र श्रद्धा :

चाहना भय र श्रद्धा को प्रमाणको लागि अल्लाह तआला भन्नु हुन्छ :

"ती मान्छे हरू भलो हुने काम का लागि दौडन्थे र मलाई चाहना र भय का साथ याद गर्दैथे, र मेरो सामुन्ने ससद्धा झुकाका हुन्थे।" (२९:३०)

## डर्नु (खशिय:)

अल्लाह तआलाको कथन कुरआन करीममा डर्नुको प्रमाण यस प्रकार छ :

"अनि तिमी उनीहरू सित न डरौ बरू मसित

डरौ, र यस कारण कि मेरो अनुग्रह (नेअमत)तिमी माथि पूर्णरूपले होस् र तिमी कल्याणको मार्ग पाउ ।" (२:१५०)

## फर्कनु (इनाबः) अर्थात ध्यान

यसको लागि अल्लाह तआलाको कथन प्रमाणस्वरूप यस प्रकार छ :

"फर्कौ आफ्नो प्रभुतिर र आत्मसर्मपण गरौं उसैको लागि यो भन्दा अधि कि तिमी माथि यातना आओस र कतै बाट तिमीलाई सहायता मिल्न न सकोस ।" (३९:५४)

## प्रार्थना (इस्तेआनाः)

प्रार्थनाको प्रमाणको लागि अल्लाह तआलाको भनाई छ :

"हामी तिम्रो पूजा (इबादत) गर्दै छौं र तिमी सित मदत पनि चहान्छौं ।" (१:५)

र हदीस छ :

"यदि केही मागनु छ भने अल्लाह सित माग ।"

## शरणको प्रार्थना (इस्तेआजः)

शरणको प्रार्थनाको विषयमा अल्लाह तआलाको यो

कथन प्रमाण स्वरूप प्रस्तुत छ :

"भन म शरण (पनाह) माग्दछूँ मानिस हरू को पालनहार सित (प्रभु सित) मानिस हरूको मालिक सित ।" (११४:१२)

## सहायताको विन्ती (इस्तेगास:)

सहायताको विन्ती अल्लाह तआला कुन प्रकार ले सुन्छ त्यसको प्रमाण यस प्रकार छ :

"जब तिमी आपनो प्रभु सित प्रार्थना गरिरहेथ्यौ, उत्तरमा उसले (ईश्वरले) भन्यो म तिम्रो मदतको लागि एक हजार (१०००) फरिश्ता (देवदूत) पठाई रहेछु ।" (८:५)

## बलिदान (जब्ह)

बलिदानको लागि अल्लाह तआलाको प्रमाणित कथन छ,

"भन मेरो नमाज मेरो समस्त बलिदान मेरो जीवन र मेरो मरण आदि सबै कुरा सम्पूर्ण संसार को प्रभुको लागि छ । जसको कोही साझा छैन र यसैको मलाई आदेश दिएको छ र सबै भन्दा पहिलो म आज्ञाकारी छु ।" (६:१६३,१६४)

र हदीसमा छ,

"अल्लाहको धिक्कार त्यस माथि होस जुन व्यक्तिले अल्लाहको अतिरिक्त अरूको लागिबलि दियो ।"

## भोग प्रसाद र प्रतिज्ञा (नज्र)

यसको बारेमा अल्लाह तआलाको भनाईछ,

"ती व्यक्तिहरू जुन संसारमा आपना प्रतिज्ञा (नजर) पूरा गर्छन् र त्यस दिनदेखि डराउने गर्छन् जुन दिनको विपत्ती (आपत्ती) सबै तिर (चारैतिर फैलिएको हुनेछ ।" (७६:६)

*

# द्वितीय मूलाधार

## प्रमाणहरू द्वारा इस्लामको ज्ञान

यो ज्ञान मात्र एउटा अल्लाह आफू लाई समर्पित गरिदिनु, उसको आज्ञापालन गर्नु र मिश्रणबाट शुद्धहुनु हो ।

**यसका तीन दर्जा हरू छन :**

१. इस्लाम (समर्पण)

२. ईमान (विश्वास)

३. एहसान (सध्यान उपासना)

## प्रथम श्रेणी (दर्जा) : इस्लाम

**इस्लामका पाँच स्तम्भहरू छन :**

१- गवाही दिनु कि "अल्लाहको अतिरिक्त कोही पनि पूजिने योग्य छैन र मुहम्मद (स॰अ॰व॰) अल्लाहको रसूल हुन् ।"

२- नमाज पढ्नु

३- जकात (धर्मदाय) दिनु

४- रमजानको ब्रत बस्नु

५- पवित्र स्थान (कावा) को दर्शनको लागि तीर्थयात्रा गर्नु ।

अल्लाह तआलाको यो कथन गवाही दिनुको प्रमाण छ ।

“अल्लाह स्वयमले यस कुराको गवाही दिनु भए छ कि उसको बाहेक कोही उपास्य छैन र फरिश्ता हरू (देवदूतहरू) तथा सबै ज्ञानी व्यक्तिहरू पनि न्याय-का साथ यो कुरा माथि गवाह छन् कि त्यो बलवान (शक्तिशाली) सर्वज्ञाता बाहेक वास्तवमा कोही पूजनीय छैन ।” (३:१८)

र यसको अर्थ यो भयो कि मात्र अल्लाह नै पूजिने योग्य छ, **'छैन पूज्य'** सबै ती वस्तु लाई नकार्नु हो जुन अल्लाहको अतिरिक्त पूजिन छन । **'बाहेक अल्लाहको'** स्वीकार गर्नु हो सकारात्मक रूपले अल्लाह एउटाको भक्तिलाई जसको उपासनामा कोही साझी छैन को भक्ति जस्तो कि उसको अधिकार क्षेत्रमा उसको साझा छैन । यो विषयमाथि अल्लाह तआला को कथनले झन प्रकाश पार्छ, सम्झ त्यो समयलाई जब इब्राहीमले आफ्नो बुवा र आफ्ना जातिहरू सित भने को थियो कि तिमी जसको

पूजा (इबादत) गर्दै छौ, मेरो तिनी हरू सित कुनै सम्बन्ध छैन ।

"मेरो सम्बन्ध मात्र उसित छ, जसले मेरो जन्म दियो, उहीनै मलाई बाटो देखाऊँ छ । र इब्राहीमले यो शब्द आफूपछि आफ्नो सन्तानका लागि छोडे र जानु भयो जसमा कि उनीहरू यो शब्द (भनाई) माथि धयान गरून ।" (४६:२६-२८)

र अल्लाह तआलाको यो पनि आदेश छ :

"भन हे पुस्तकवाल हरू आऊ एउटा यस्तो कुरातिर जुन मेरो र तिमीहरू बीच समान हो कि हामी अल्लाह बाहेक अरू कसैको पुज नगरौं, उसको साथ अरू कैसे लाई साझी न बनाऔं, र हामी मध्ये कोही अरूलाई अल्लाह बाहेक प्रभु न बनाऔं यो निमन्त्रणलाई स्वीकार गर्नु बाट मुख फेर्छर्न भन्ने स्पष्ट पारेर भनि देऊ कि तिमी गवाह रहौ हामी त मुसलमान मात्र अल्लाहको इबादत र आज्ञापालन गर्ने छौं ।" (३:६४)

अल्लाह तआलाको कथन द्वारा मुहम्मद (स॰अ॰व॰) को रसूल हुने प्रमाण :

"हेर ! तिमी हरू कहाँ एउटा संदेष्टा आएको छ, जुन स्बय तिमी मध्य बाटै हो, तिम्रो हानिमा पर्नु उसलाई असहय हो, तिम्रो सफलताको उसले अभिलाषा राख्छ, ईमानवाला हरू को लागि त्यो ममतामय र दयालु हो।" (९:१२८)।

अर्थात गवाही दिनु कि मुहम्मद (स॰अ॰व॰) अल्लाहको रसूल हुन्, को अर्थ यो हो कि जुन प्रकारको उनी आदेश दिन्छन त्यसको पालन गर्नु तथा जे जति भनेका छन त्यस माथि विश्वास गर्नु, ती वस्तु हरू बाट बचनु जसबाट उहाँले मनाही गर्नु भो र धार्मिक न उपयुक्त तरीकाले अल्लाहको उपासना गरियोस।

नमाज, जकात (दान) र अल्लाहको एकता भन्ने कुराको साझा प्रमाण कुरआनमा अल्लाह तआलाको यो भनाई छ :

"र उनीलाई यसको अतिरिक्त कुनै आदेश दिइएन कि अल्लाहको पूजा याचना (इबादत) गरून, आफ्नो धर्मलाई उसको लागि शुद्ध गरेर एकदमै एकाग्र भएर, र नमाज स्थापित गरून र जकात दिउन यो नै अत्यन्त शुद्ध सही र वास्तविक धर्म हो।" (१८:५)

अल्लाह तआला को आदेश बाट रोजा को (ब्रतको) प्रमाण :

"हे ईमान वाला हरू ! तिम्रो लागि ब्रत अनिवार्य गरि दिइएको छ । जुन प्रकारले तिमी भन्दा पहिलाका अनुयायी हरू माथि अनिवार्य गरिएको थियो । यसबाट आशा गरिन्छ कि तिमीमा संयमको गुण उत्पन्न हुनेछ ।" (२:१८३)

अल्लाह तआला कुरआनमा हजको बारेमा भन्नु हुन्छ :

"मानिसहरू माथि अल्लाहको यो अधिकार छ कि जुन व्यक्ति लाई यो घर (काबा) सम्म पुग्न सक्ने सामर्थ्य छ त्यसले उसको हज गरोस । र जसले यस आदेशलाई अस्वीकार्यो भन्ने त्यसलाई थाहा हुनु पर्छ कि अल्लाह तआला संसारका पूरै (सम्पूर्ण) व्यक्तिहरू बाट निस्पृह छ :" (३५:९७)

*

# द्वितीय श्रेणी : ईमान (विश्वास)

ईमानका सत्तरी हाँगा हरू छन, ती मध्ये सबै भन्दा महत्वपूर्ण यो गवाही दिनु हो कि अल्लाहको बाहेक कोही पूजनीय छैन, र सबैभन्दा निम्न स्तर बाटामा भएको कुनै हानिकारक वस्तुलाई त्यहाँबाट सारी दिनु हो, र लज्जा ईमानको एउटा शारवा (हाँगा) हो ।

## ईमानको छौवटा स्तम्भहरू

**विश्वास गर्नु,**

१- ईश्वर (अल्लाह) मा

२- उसका दूतहरूमा

३- उसका किताबहरूमा

४- उसका देवदूतहरूमा

५- प्रलयको दिन हुने हिसाब म र

६- राम्रो - नराम्रो भाग्यमा

यी छौवटा स्तम्भहरू मध्ये पाँचवटाको प्रमाण अल्लाहको यो भनाई छ :

"पूणय यो होइन कि तिमी आपनो अनुहारलाई पूर्व

वा पश्चिम दिशातिर फर्कायौ, बरू पूण्य यो हो कि मान्छे अल्लाहलाई अन्तिम दिन लाई र फरिश्तालाई र अल्लाह का अवतरित पुस्तकहरू-लाई र उसको सन्देश-वाहक (दूतहरू) लाई दिलले स्वीकार गरोस् ।" (२:१७७)

अल्लाहको भनाई बाट भाग्यको प्रमाण :

"मैले प्रत्येक वस्तु लाई एउटा भाग्यको साथ पैदा गरेको छु ।" (५४:४९)

*

# तृतीय श्रेणी : एहसान (सध्यान उपासना)

परोपकार को मात्र एउटा स्तम्भ छ, र त्यो यो हो कि अल्लाह को उपासना (इबादत) यस्तो किसिमगर्नु पदर्छ कि अल्लाह लाई तिमी आफ्नो आँखाले देखि रहेका छौ, र यदि यस्तो हुन सक्दैन भन्ने यो सोच्नु पर्छ कि उस (अल्लाह) ले तिमी लाई देखिरहे को छ ।

र प्रमाणको लागि अल्लाह तआला को भनाई छ :

"अल्लाह उनीहरूको साथमा छ, जुन व्यक्तिहरू उसबाट (अल्लाहबाट) डराउ छन र उत्तम कार्य गर्ने वाला हुन् ।" (१६:१२८)

र अल्लाह तआला को यो पनि भनाई छ :

"र यो प्रभुत्वशाली एवम (तथा) दयालु मा विश्वास राखै जुन तिमीलाई त्यत्तिबेला देखिरहेको हुन्छ, जब तिमी उठछौ र सजदा गर्ने वाला व्यक्तिहरूमा तिम्रो गतिविधि माथि हेरचाह गर्छ । ऊ सबै थोक सुन्ने र जान्ने वालाहो ।" (२६:२१७-२२०)

र अल्लाह तआला यो पनि भन्दछ,

"हे दूत (स॰अ॰व॰) तिमी जुन स्थितिमा हुन्छौ र कुरआनबाट जे जति तिमी सुनाऊँछौ र मानिसहरू

तिमी पनि जे जति गर्दछौं यी सबै दशामा म तिमी-लाई देखिरहेको हुन्छु ।" (१०:६१)

जिब्रील (अ॰स॰) को हदीस बाट उदाहरण :

उमर बिन खत्ताब (रजि॰) ले बताउनु भयो (जानकारी दिनु भयो)

एक दिन हामी नबी (स॰अ॰व॰) का चारैतिर बसेका थियौं त्यसै बेला एउटा व्यक्ति आयो जसको लुगा एकदमै सेतो र कपाल धेरै कालोथियो उसको अनुहारबाट यात्राले हुने थकाई पनि स्पष्ट भईरहे को थिएन, र हामी मध्ये जुन व्यक्तिहरू त्यहाँ बसी रहेका थिये, कसैले पनि तयो व्यक्तिलाई चिनेको थिएन र ऊ नबी (स॰अ॰व॰) को अधि यस्तो किसिमले बस्यो कि उसको घुँडा नबी (स॰अ॰व॰) को घुँडासित मिलेको थियो र उसको हातहरू उसका तिघ्राहरू माथि थिए । त्यस पछि उसले भन्यो :

"हे मुहम्मद मलाई **इस्लामको** बारेमा बताउनु होस । हजूरले उत्तर दिनु भयो, गवाही दिनुकि अल्लाह को बाहेक कोही पूजनीय छैन र मुहम्मद (स॰अ॰व॰) अल्लाह को रसूल (दूत) हुन, नमाज़ पढनु, जकात दिनु, रमजानको ब्रत बस्नु, यदि सामर्थ्य छ भने हज गर्नु ।"

उसले भन्यो: तपाईले साचो भन्यौं | हामी आश्चर्य-चकित भयौं कि पहिला हजूरसित सोध्छ फेरि आफैं प्रमाणित गर्छ | यस पछि उसले सोध्यो : मलाई **ईमान** को बारेमा बताउनुस | नबी (स॰अ॰व॰) ले उत्तर दिनु भयो, अल्लाहमा असका देवदूतहरूमा उसका पुस्तक-हरूमा, र उसका दूतहरूमा र अन्तिम दिनमा र राम्रो-नराम्रो भाग्यमा विश्वास गर्नु |

उसले भन्यो, **एहसान** को बारेमा बताउनुस | नबी (स॰अ॰व॰) ले उत्तर दिनु भयो "अल्लाह को उपासना (पूजा) इबादत यस्तो प्रकार ले गर्नुस कि जसरी तपाई उस (अल्लाह) लाई देखिरहे छौं, यदि तिमी उसलाई देखन सक्दैनौं, भन्ने यस्तो हुनु पर्छ कि उसले तिमी लाई देखिरहेको छ |" उसले फेरि सोध्यो "मलाई **प्रलय** को दिनको बारेमा बताऊ | नबी (स॰अ॰व॰) ले उत्तर दिनु भयो कि उनी प्रश्न गर्दै जाने व्यक्तिको अपेक्षा धेरै जान्दछन् |" तर जब उसले प्रलयको दिन का संकेतहरू को बारेमा सोध्यो अनि नबी (स॰अ॰व॰) ले उत्तर दिनु भयो "दासीले आफ्नो मालिक लाई जन्म दिन्छे र तिमी देख्छौ कि नाङ्गो-खुट्टा हिडने र नाङ्गो शरीर भई भेड़ बाखा चराउँदै यताउती डुल्ने व्यक्तिहरू अग्ला-अग्ला

सुन्दर भवन हरू वनाएर घमण्डको नशामा मस्तभईरमाउने छन् ।"

जब त्यो मान्छे गइसक्यो, तव हामी केही क्षण चुप भएर बसी रहयौं फेरि नबी (स॰अ॰व॰) ले भन्यो हे उमर ! के तिमी प्रश्न गर्ने व्यक्तिलाई चिन्न सक्यौ ? हामी सबैले उत्तर दियौं अल्लाह र उसको रसूललाई नै राम्री थाहा छ ।" त्यस पछि नबी (स॰अ॰व) ले बताउनु भयो, यिनी जिब्रील थिए उनी तिमी लाई तिम्रो धर्म सिकाउन आउनु भएकोथियो ।

*

# तेस्रो मूल आधार

## आफ्नो नबी (स॰अ॰व॰) को बारेमा ज्ञान

उनी मुहम्मद (स॰अ॰व॰) पुत्र अब्दुल्लाह पुत्र अब्दुल मुत्तलिब पुत्र हाशिम हुन्। हाशिम कुरैश कबीला (कूल) बाट, कुरैश अरब कबीला (कूल) बाट, अरब हजरत इस्माईल पुत्र इब्राहीम अल खलील को वंश बाट हुन्, उहाँमाथि धेरै दरूद र सलाम शान्ति होस। हजूर (स॰अ॰व॰) ले ६३ वर्षको उमेर बिताएर स्वर्गवास हुनु भयो, जस मध्ये चालीस वर्ष नबूवत (दूतत्व) भन्दा पहिले र तेइस (२३) वर्ष नबी (दूत) र रसूल रही बिताउनु भयो।

नबी त्यत्ति बेला हुनु भयो जब सूर: इक्रा (संख्या ९६) अवतरित भयो र रसूल त्यो बेला हुनु भयो जब सूर: मुदस्सिर (संख्या ७४) अवतरित भयो। हजुरको जन्मस्थान मक्का शहर थियो।

अल्लाह हजुर लाई शिर्क समाप्त गर्नु र तौहीद को संदेश दिनको लागि पठाउनु भएको थियो। यसको प्रमाण को लागि अल्लाह तआलाको भनाई कुरआनमा यस प्रकार छ :

"हे ओढे र बेरेर पलटने व्यक्ति उठ र सावधान गर । र आफ्नो प्रभुको प्रशंसाको घोषणा गर। र आफ्नो लुगा ववित्र राख। र फोहर बाट टाढ बस। र धेरै प्राप्त गर्नकालागि आभार बखान नगर। र आफ्नो प्रभु को लागि धैरयताले काम लेऊ।"

"उठ र सावधान गर" को अर्थ हो कि अल्लाह एकताको घोषणा र बहुदेववाद देखि सावधान गर्नु। र आफ्नो प्रभुको प्रशंसाको घोषणागर । एउटा प्रभुको विशेषता र गुण लाई बताऊ।

"आफ्नो लुगाहरू स्वच्छ राख" को अर्थ हो कि आफ्नो कर्म लाई शिर्क (बहुदेववाद) को कुनैपनि प्रकारको कलंकबाट स्वच्छ राख।

फोहोर बाट टाढ। बस को अर्थ हो मूर्ति र मूर्तिपूजक बाट टाढ बस र तिनलाई स्वीकार नगर।

उनले अल्लाह तिर दस वर्ष सम्म आमन्त्रण दिंदै गरे। त्यसपछि उनी आकाशीय भ्रमणको लागि बोलाइए र उहाँ माथि पाँच समयको नमाज अनिवार्य भयो। र त्यसपछि उहाँले मदीना मोनव्वरा तिर प्रवास गर्नु भो। र हिजरत को अर्थ हो बहुदेववादी व मूर्तिपूजकको शहरबाट मुस्लिम समाज (समुदाय) तिर गईहाल्नु।

र हिजरत को अर्थ हो बहुदेववादी व मूर्तिपूजकको शहरबाट मुस्लिम समाज (समुदाय) तिर गईहाल्नु । र यो हिजरत प्रलयको दिन सम्म बाँकी रहने छ ।

यसको प्रमाण अल्लाह तआला को यो भनाई छ :

"र जुन व्यक्तिहरू आफैमाथि अत्याचार गरिरहेका थिए, जब तिनको प्राणयमदुतहरूले खिच्यो तब उनीहरू सित सोधे कि तिमी कुन अवस्थामा (स्थितिमा) थियौ ? उनीहरूले जवाफ (उत्तर) दिए कि हामी पृथ्वीमा निर्बल र विवश थिएँ । दुत हरूले भने के अल्लाह को पृथ्वी विस्तृत थिएन कि तिमी त्यसमा प्रवास गर्ने थियौं, यिनी हरू त्यस्ता व्यक्तिहरू हुन, जसको ठिगाना नरक हो । र त्यो खूबै नराम्रो ठिगाना हो, जुन मान्छे, स्त्रीहरू र बच्चा हरू वास्तवमा बिबस छन र निस्कनका लागि कुनै मार्ग र साधन पाउन सक्दैनन भन्ने धेरै सम्भव छ कि अल्लाहले उनीहरूलाई क्षमागरि दिनेछ, अल्लाह अति क्षमा गर्ने र ठूलो दयालु छ ।" (४:९७–९९)

र अल्लाह तआला भन्नु हुन्छ :

"हे मेरो भक्तहरू जसले ईमान लयाएका छौ, मेरो पृथ्वी विशाल छ। अत: तिमीहरू मेरो नै उपासना गरौं।"

स्वर्गीय इमाम बगवीको अनुसार प्रस्तुत आयत (कुरआनको वाक्य) ती मुसलमानहरूतिर गर्छ जुन मान्छेहरू मक्कामै थिए, र मदीना तिर हिजरत गरेका थिएनन। (बद्र को युद्धको समय) अल्लाह तआलाले तिनीहरूलाई ईमान वालाहरू को नामले सम्बोधित गर्यो।

हिजरतको सुन्नतबाट प्रमाण :

रसूलुल्लाह (स॰अ॰व॰) ले भन्नु भयो,

"हिजरत तब सम्म समाप्त हुँदैन (हुने छैन) जबसम्म तौबाको ढोका बन्द (सूर्योदय पश्चिम-बाट) हुदैन। सूर्योदय पश्चिमबाट हुनेको अर्थ प्रलय हुनु हो।"

मदीनामा हुँदा नबी (स॰अ॰व॰) लाई इस्लामको अर्को निर्देश हरू को आदेश गरियो। जस्तै जकात, रमज़ानको ब्रत, हज, अजान र जिहाद तथा राम्रो कर्म गर्न को लागि प्रोत्साहित गर्नु र नराम्रो कर्म (काम) बाट रोक्नु आदि।

यो कामहरू दस वर्ष सम्म हजूरले गर्नु भयो। त्यस-पछि हजूरको देहान्त भयो तर उनको धर्म प्रलय सम्म बाँकी रहने छ, हजूरले सबै राम्रा कुराहरू उम्मतलाई बताउनु भयो र सबै किसिम का कुकर्म बाट सावधान गर्नु भयो। राम्रो काम जस तिर हजूरले मान्छेहरूलाई आमन्त्रित गर्नु भयो त्यो हो एकेश्वरबाद र प्रत्येक त्यो काम जस बाट अल्लाह प्रसन्न र संतुष्ट हुन्छ, र नराम्रो काम बहुदेववाद (शिर्क) र प्रत्येक त्योकाम जुन अल्लाह-ले मनपराउदैन।

अल्लाह तआला ले हजूर (स॰अ॰व॰) लाई सबै मानिसहरू र मानव तथा दानवका दुबै संसारतिर पठाउनु भएको थियो र उसले आदेश दियो कि सबै मानिसहरू र जिन्न हरू उनको सन्देशलाई सुनुन् र उनको उहाँको अनुसरण गरून।

र यसको पुष्टिकोलागि अल्लाह तआलाको भनाई छ :

"भन हे मान्छेहरू म तिमी सबै तिर अल्लाह को रसूल हूँ।" (७:१५८)

यसैका साथ अल्लाह यस इस्लाम धर्मलाई परिपूर्ण गरिदियो। यसको पुष्टिकालागि अल्लाह कै भनाई :

"आज मैले तिम्रो धर्मलाई तिम्रो लागि परिपूर्ण गरिदएको छुँ र तिमी माथि आफ्नो कृपा पूरा गरिसकेको छुँ र तिम्रो लागि इस्लामलाई धर्म-स्वरूप स्वीकार गरी दिएको छुँ ।" (५:३)

रसूल (स॰अ॰व॰) को मृत्युको बारेमा अल्लाह तआला को भनाई :

"हे नबी तिमीले पनि मर्नु छ, र ती व्यक्तिहरूले पनि मर्नु छ । अन्तयमा प्रलय को दिन तिमीहरू आफ्नो प्रभु समक्ष आफ्ना आफ्ना मुकद्दमा प्रस्तुत गर्ने छौं ।" (३१:३०,३१)

र सबैले मरेपछि तिन लाई पुनर्जीवन दिनइनेछ । यसको प्रमाण अल्लाह तआलाको यो भनाईबाट :

"यसै पृथ्वी बाट हामीले तिमीलाई जन्म दिएका छौं, यसैमा तिमीलाई फिर्ताल्याउनेछौं र यसैबाट पुनः तिमीलाई निकाल्नेछौं ।" (२०:५५)

उसको अरूपनि भनाई छ :

"र पृथ्वीबाट तिमीलाई विशेष रूपले पैदा गर्यो फेरि उसले तिमीलाई यसै पृथ्वीमा फिर्ता गर्ने छ, र

यसैबाट तिमीलाई एक्कासी फेरि उभ्याउने छ।"
(७१:१७,१८)

पुन: तिनीहरूलाई उठाएर तिनको हिसाब-सिसाब अल्लाहको सामुन्ने पेश गरिने छ। कर्महरूको आधारमा तिनी हरू लाई पुरस्कार र दण्ड दिइनेछ। र यसको प्रमाण को लागि अल्लाह तआला को भनाई कुरआन करीममा यस प्रकार छ :

"र अल्लाह नै पृथ्वी र आकाशहरूका प्रत्येक वस्तु-हरूको हाकिम हो, ताकि नराम्रो कर्म गर्ने हरूलाई उनका कर्महरूको बदला दिओस र उनीहरूलाई राम्रो उपहार प्रदान गरोस्, जसले राम्रो नीति अपनायो।" (५३:३१)

कुनै पनि व्यक्ति जसलाई पुनर्जीवन प्रति विश्वास छैन काफिर हो। यसको पुष्टिका लागि अल्लाह तआलाको कथन छ :

"नकार्ने व्यक्तिहरूले ठूलो दावीको साथ भनेकि उनीहरू मरेपछि कहिलैपनि फेरि जीवन पाउँदैनन। उनलाई भन, होइन मेरो प्रभुको सौगन्ध ! तिमी अवश्य उठाइने छौ, फेरि तिमीलाई अवश्य

जानकारी दिइनेछ कि तिमीले के केहि दुनियामा गरेका छौ, र यस्तो गर्नु अल्लाहको लागि धेरै सजिलो छ।" (६४:७)

अल्लाह सबै रसूलहरूलाई र (स्वर्गको) शुभ सन्देश दिने र व्यक्ति हरूलाई (नरकबाट) डराउने वाला बनाएर पठाउनु भएको थियो।

यसको पुष्टिको लागि अल्लाह तआलाको कथन :

"यी सबै रसूलहरू (दूतहरू) शुभ समाचार दिनका लागि र डराउन का लागि पठाइएको थिए जसमा- कि उनीहरूलाई पठाइदिए पछि मान्छेहरू को लागि अल्लाह को समक्ष कुनै तर्क बाँकी रहन नसकोस।" (४:१६५)

र यी रसूल हरू मध्ये हजरत नूह अलैहिस्सलाम पहिलो र मुहम्मद रसुलुल्लाह (स॰अ॰व॰) अन्तिम रसूल (दूत) हुन।

हजरत नूह अलैहिस्सलाम पहिलो दूत (रसूल) हुन् भन्ने प्रमाण अल्लाह तआलाको यो भनाई छ :

"हे दूत ! मैले तिमीतिर यसै प्रकारले वह्य

(प्रकाशना) पठाएको छु जसरी नूह र उनी पछिका दूत हरू तिर पठाएको थिए।" (४:१६३)

र अल्लाह तआलाको उक्ति छ :

"मैले प्रत्येक समुदायमा एउटा दूत पठाइदिएको थिएँ, र त्यस द्वारा सूचित गरिदिएँ कि अल्लाह को उपासना (भक्ति) गर र तागूत (झूठा उपास्य) को भक्ति बाट बच।" (१६:३६)

*

अल्लाह तआलाले प्रत्येक व्यक्तिको लागि अनिवार्य गरि दियो कि त्यो अल्लाह को अतिरिक्त को पूजाबाट बचोस र अल्लाहमा ईमान (आस्था) राखोस ।

इब्ने कय्यिम रहेमहुल्लाह को अनुसार तागूत को अर्थ हो कि कुनै मिथ्या उपास्यमा विश्वास गर्दै मान्छे उपासनाको क्षेत्रबाट बाहिर गई हालोस । केही पनि होस र तागूत विभिन्न किसिम का हुन्छन, तर उनीहरू मध्ये मुख्यत: पाँच वटा छन:

१- शैतान इबलीस-उस माथि अल्लाहको धिक्कार हो ।

२- जुन मान्छेलाई पूजियोस र त्यो पूजा देखि प्रसन्न होस ।

३- जुन मान्छेले आफ्नो पूजाको लागि मान्छेहरू लाई आमन्त्रित गरोस् ।

४- जसले परोक्ष जान्ने दावी गरोस् ।

५- जुन व्यक्तिले अल्लाहको धर्मनीतिको विरूद्ध निर्णय गरोस् ।

यसको पुष्टिको लागि अल्लाहको उक्ति :

"धर्मको विषयमा कुनै दबाव व जबरदस्ती छैन ।
किनकि मार्गदर्शन भ्रान्तिबाट छुटयाइक सकेको

छ । अब जसले पनि फसादी (तागूत) लाई अस्वीकार गरेर अल्लाहलाई मान्यो, उसले एउटा बलियो सहाय (मदत) लाई अपनाई सक्यो, जुन कहिल्यै भाँचने छैन, अनि अल्लाह (जसको सहारा उसले लिएको छ) सबै थोक सुन्ने र जान्ने हुनु हुन्छ ।" (२:२५६)

*

## هذا الكتاب يحتوي على:

----------------

* معرفة الرب سبحانه وتعالى.

* معرفة الدين.

* معرفة الرسول صلى الله عليه وسلم.

* القواعد الأربع - العلم - العمل - الدعوة - انصبر.

* أركان الإيمان والإسلام والإحسان.

* النهي عن عبادة الطواغيت.

# الأصــول الثـلاثـة

## باللغة النيبالية

تأليف

شيخ الإسلام محمد بن سليمان التميمي

رحمه الله

ترجمة

ضمير أحمد عباس

# المكتب التعاوني للدعوة والإرشاد وتوعية الجاليات في منطقة البطحاء

تحت إشـــراف

وزارة الشؤون الإسلامية والأوقاف والدعوة والإرشاد


ص.ب: ٢٠٨٢٤ الرياض ١١٤٦٥

هاتف: ٤٠٣٠٢٥١

٤٠٣٠١٤٢

٤٠٣٤٥١٧ — ٠٠٩٦٦ -١

٤٠٣١٥٨٧

فاكس: ٤٠٥٩٣٨٧

هاتف وفاكس صالة المحاضرات بالبطحاء

٤٠٨٣٤٠٥ - ١- ٠٠٩٦٦



حقوق الطبع محفوظة للمكتب

لا يسمح بطبع أي جزء من هذا الكتاب إلا بعد موافقة خطية مسبقة من المكتب

## أهداف وأنشطة المكتب :

١ - نشر العلم الشرعي والوعي والثقافة الإسلامية بين المسلمين.

٢ - تعريف غير المسلمين بالإسلام وتأليف قلوبهم ودعوتهم إليه.

٣ - متابعة وتعليم الجاليات المسلمة عن طريق الدروس والكتب والأشرطة وغيرها.

٤ - توفير وتحقيق وترجمة الكتب والشريط والرسالة الدعوية بمختلف اللغات.

٥ - التعاون مع الجهات الرسمية والمؤسسات الخيرية والدعوية والأهلية في مجال الدعوة.

٦ - استقطاب الطاقات المؤهلة وتوظيفها لخدمة الدعوة وإعداد الدعاة بمختلف اللغات.

٧ - إشهار إسلام الراغبين في الدخول بالإسلام.

٨ - تنظيم الرحلات التعليمية وحملات الحج والعمرة للمسلمين الجدد.

٩ - إقامة نشاطات المناسبات كالإجازات والأعياد وتفطير صائم وصرف زكاة المال والفطر للجاليات المستحقة.

## أحبتنا في الله :

لا يخفى عليكم أهمية الدعوة إلى الله في تعليم الجاهل وهداية الضال وإقامة الحجة وإبراء الذمة بل ويكسب الأجر الجزيل وفي ضدها الإثم العظيم لقوله عليه الصلاة والسلام «**من دعا إلى هدى كان له من الأجر مثل أجور من تبعه لا ينقص ذلك من أجورهم شيئا ومن دعا إلى ضلالة كان عليه من الإثم مثل آثام من تبعه لا ينقص ذلك من آثامهم شيئا**»

لذلك فإن المكتب يتيح لكم فرص أداء واجب الدعوة من خلال المساهمة بالرأي والجهد والمال فلا تترددوا وفقك الله في اغتنامها.

## أخي المسلم :

تمت طباعة هذا الكتاب على حساب أحد المحسنين أثابه الله فلا تحرم نفسك أجر إعادة طباعته فالكتاب والشريط من أقوى وسائل الدعوة وقال عليه الصلاة والسلام «إذا مات ابن آدم انقطع عمله إلا من ثلاث : صدقة جارية أو علم ينتفع به أو ولد صالح يدعو له»

رقم الحساب ١٠٩٠٩

شركة الراجحي للاستثمار فرع الروضة


المكتب التعاوني للدعوة والإرشاد وتوعية الجاليات في حي الروضة بالرياض

تحت إشراف وزارة الشئون الإسلامية والأوقاف والدعوة والإرشاد

هاتف ٤٩١٨٠٥١ فاكس ٤٩٧٠٥٦١ - ص.ب ٨٧٢٩٩ الرياض ١١٦٤٢



مطبعة دار طيبة - الرياض - ت ٤٢٨٣٨٤٠